**प्रदेश सरकार**

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**गण्डकी प्रदेश, पोखरा**

# पदपूर्ती सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०९/०९**

गण्डकी प्रदेश अन्तर्गतका जिल्लाहरुमा छनौट भएका विद्यालयहरुमा **विद्यालय नर्स कार्यक्रम** सञ्चालन गर्नको लागि तपसिल बमोजिम स्टाफ नर्स पदहरुमा "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९" बमोजिम सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

**तपसिलः**

| क्र.सं | विज्ञापन नं. | जिल्ला / विद्यालय | माग पद संख्या | पद | तह | न्युनतम शैक्षिक योग्यता | दरखास्त पेश गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|
| १ | १०/०७९-८० | कास्की जिल्ला अन्तर्गतका विद्यालय | २ | स्टाफ नर्स | पाचौं | नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण | सेवा गर्न चाहेको जिल्लाको स्वास्थ्य कार्यालयमा |
| २ | ११/०७९-८० | स्याङ्जा जिल्ला अन्तर्गतका विद्यालय | २ | | | | |
| ३ | १२/०७९-८० | बाग्लुङ जिल्ला अन्तर्गतका विद्यालय | २ | | | | |
| ४ | १३/०७९-८० | तनहुँ जिल्ला अन्तर्गतका विद्यालय | २ | | | | |
| ५ | १४/०७९-८० | गोरखा जिल्ला अन्तर्गतका विद्यालय | २ | | | | |
| ६ | १५/०७९-८० | नवलपरासी (ब.सु.पू.) जिल्ला अन्तर्गतका विद्यालय | २ | | | | |
| ७ | १६/०७९-८० | लमजुङ जिल्ला अन्तर्गतका विद्यालय | २ | | | | |
| ८ | १७/०७९-८० | पर्वत जिल्ला अन्तर्गतका विद्यालय | १ | | | | |
| ९ | १८/०७९-८० | म्याग्दी जिल्ला अन्तर्गतका विद्यालय | १ | | | | |
| १० | १९/०७९-८० | मुस्ताङ जिल्ला अन्तर्गतका विद्यालय | १ | | | | |
| ११ | २०/०७९-८० | मनाङ जिल्ला अन्तर्गतका विद्यालय | १ | | | | |
| **जम्मा** | | | १८ | | | | |

**नोटः**

१. **दरखास्त फारामः** यस मन्त्रालयको वेभसाईट mohp.gandaki.gov.np मा डाउनलोडमा गई फाराम डाउनलोड गरी भरेर दरखास्त फारामसँग संलग्न गर्नु पर्ने कागजातहरु सहित सेवा गर्न चाहेको **सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय**मा दरखास्त पेश गर्नुपर्नेछ ।

२. **दरखास्त फारामसँग संलग्न गर्नु पर्ने कागजातहरुः**

क. उम्मेदवारको अध्यावधिक व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, एस.एल.सी. र सो भन्दा माथिका शैक्षिक योग्यताको प्रमाण पत्रका प्रतिलिपिहरु, म्याद कामय रहेको/नवीकरण गरिएको सम्बन्धित काउन्सिलको प्रमाण-पत्रको प्रतिलिपि, सम्बन्धित क्षेत्रमा काम गरेको कार्य अनुभव र तालिम सम्बन्धी प्रमाण पत्रको प्रतिलिपि ।

ख. दरखास्त साथ पेश गरेको प्रमाणपत्रको प्रतिलिपिमा दरखास्तवाला स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

ग. दरखास्त दिने अन्तिम दिन भित्र माथि २.क. मा उल्लेखित सम्पूर्ण कागजात एवं प्रमाणपत्र हासिल गरिसकेको हुनुपर्नेछ । साथै समकक्षता खुलाउनु पर्ने आवश्यक भएमा सो समेत खुल्ने कागजपत्र पेश गर्नुपर्नेछ । रित नपुगेको, म्याद नाघेको तथा शर्त सहितको आवेदन दर्ता गरिने छैन ।

३. **काम गर्नुपर्ने स्थानः** दरखास्त पेश गरेको जिल्ला अन्तर्गतका छनौट भएका विद्यालय ।

४. **दरखास्त दस्तुरः** पाचौं तहको लागि रु. ५००।- (पाँच सय) दस्तुर बुझाउनु पर्नेछ । (नोटः दरखास्त दस्तुर बुझाएको सक्कलै भौचर आवेदन फाराम साथ पेश गर्नुपर्नेछ ।)

क. कार्यालयको नामः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेश । ख. कार्यालयको कोड नं.- ३५५०१३९०१४

ग. राजश्च शीर्षक नं.- १४२२४ (परीक्षा शुल्क)

घ. बैंक खाता नंः १०००१००२०००१०००० (कास्की, गोरखा, लमजुङ र नवलपरासी (ब.सू.पू.) जिल्लाको हकमा सरकारी कारोवार गर्नेः- **राष्ट्रिय बाणिज्य बैंक**)

ङ. बैंक खाता नंः २७३०२००००००१००१००००००१ (बाग्लुङ, पर्वत, म्याग्दी, स्याङ्जा, तनहुँ, मनाङ र मुस्ताङ जिल्लाको हकमा सरकारी कारोवार गर्नेः- **नेपाल बैंक लिमिटेड**)

५. **तलबः** प्रचलित कानून बमोजिम सम्बन्धित तहको शुरु तलब स्केल मात्र उपलब्ध हुनेछ ।

६. **दरखास्त दिने अन्तिम मितिः** २०७९/०९/१७ गते आइतबार कार्यालय समयभित्र ।

७. **परीक्षाको किसिमः** अन्तरवार्ता ।

८. अन्य जानकारीको लागि दरखास्त पेश गरेको सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।